नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा बिभाग

# जिल्ला शिक्षा कार्यालय

रुपन्देही

फोन न ०७१ ५२४४७७ ,
०७१ ५२१४५४

फ्याक्स ०७१ ५२४४७

प.स.२०७४/०७५
च. न. १५६० 

मिति : २०७४/१२/२६

५. दोस्रो चरण अन्तर्गत नियमित रुपमा भर्ना हुन नआएका वालवालिकालइ विद्यालयमा भर्ना गराउनका लागि वैशाष १५ देखी ३१ गते सम्म जनप्रतिनिधिहरुलाइ समेत आमन्त्रण गरी घरदैलो कार्यक्रम मार्फत अभिभावकहरुसँग आवश्यक परामर्श गरी भर्ना गराउने ।

६. विद्यार्थी भर्ना गर्दा अनिवार्य रुपमा जन्मदर्ता प्रमाणपत्र पेश गर्ने व्यवस्था मिलाउने , जन्मदर्ता प्रमाणपत्र नभएका कारणले विद्यालयमा भर्ना हुन नपाउने अवस्था सृजना हुन नदिन त्यस्ता वालवालिकाको जन्मदर्ता गराउनकालागी विद्यालयले सहजिकरण गर्ने ।

७. सेवाक्षेत्र भित्रका उमेर समूहका वालवालिकाहरु सवै भर्ना गरी आफनो सेवाक्षेत्रलाइ भेला आयोजना गरी सवै वालवालिका भर्ना भएको घोषणा गर्ने , कुनै कारणले सवै वालवालिका भर्ना हुन नसकेमा वि.व्य.स.को वैठकवाट घोषणा गर्ने मिति समेत तोकि प्रतिवद्धता व्यक्त गर्ने

८. अन्य विद्यालयहरु सँगको समन्वयमा भेटघाट तथा अन्तर्क्रिया आयोजना गरी सिकाइ आदन प्रदान गर्ने ।

९. तेस्रो चरण अन्तर्गत आधुनिक प्रविधियुक्त रुचिकर र वालमैत्रि शिक्षण सिकाइ वातवरण तयार गरी विद्यालयमा भर्ना भएका वालवालिकाहरुलाइ वर्षैभरि विद्यालयमा टिकाउने र सिकाइ उपलब्धि सूधार गर्ने कार्ययोजना बनाई लागु गर्ने र यस्तो कार्ययोजनालाई विद्यालय सूधार योजनामा समावेश गर्ने ।

१०.विद्यालयको शैक्षिक वातावरणमा सूधार गर्नकालागि विद्यालयहरुले यस कार्यालय वाट प्राप्त अनुदानको सदुपयोग गर्दै अन्य संघ संस्थाहरुको समेत सहयोगमा बुक कर्नर ,सुविधायुक्त कम्प्युटर ल्याव , पूस्तकालय, इ पूस्तकालय , प्रयोगशाल व्यवस्थापन गर्ने साथै विद्यालयको वातावरणलाई आवश्यक र मनमोहक बनाउन विद्यलय सजावट , फुलवारी, मिनी पार्क आदीको प्रबन्ध मिलाउने ।

११. सिकाइ उपलब्धि विश्लेषण मार्फत कक्षागत तथा विषयगत सिकाई उपलब्धिको वर्तमान अवस्था पहिचान गर्ने, सिकाई उपलब्धि सुधारको लक्ष्य किटान गर्ने साथै लक्ष्य प्राप्तिकालागि आवश्यक रणनीति र कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

१२. सिकाई उपलब्धि सुधारकालागि उपलब्ध साधन स्रोतको समूचिच प्रयोग गरी नविनतम तथा आधुनिक शिक्षण विधिहरु प्रयोग गर्ने ।

रामचन्द्र खनिया

Email address , deorupandehi@gmail.com

website , www.deorupandehi.gov.np